दमक नगरपालिका,झापा

स्थानीय राजपत्र

**वर्ष:७** **प्रमाणीकरण मिति: २०८०।०८।२४**

**संख्या: ३** **प्रकाशन मिति: २०८०।८।२९**

## भाग -२

## दमक नगर शिक्षा, नियमावली, २०७७ लाई संशोधन गर्न बनेको नियम

**प्रस्तावनाः-** दमक नगर शिक्षा नियमवाली २०७७ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, दमक नगर शिक्षा नियमावलीको नियम ११० को अधिकार प्रयोग गरी कार्यपालिकाको यो नियम बनाएको छ।

१. संक्षिप्त नाम र प्रारम्भः- (१) यस नियमको नाम दमक नगर शिक्षा नियमावली २०७७ (पहिलो संशोधन) नियमावली २०८० रहको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. दमक नगर शिक्षा नियमावली, २०७७ को परिच्छेद ३ को नियम १३ धरौटी सम्बन्धी व्यवस्थाको उपनियम १ मा संशोधनः मुल

नियमावलीको नियम १३ को उपनियम १ को सट्टमा देहायको उपनियम १ राखिएको छ।

क) माध्यमिक विद्यालयको लागि- २,००,०००/-

ख) निम्न माध्यमिक विद्यालयको लागि -१,५०,०००/-

ग) प्राथमिक विद्यालयको लागि - ५०,०००/-

३. दमक नगर शिक्षा नियमावली, २०७७ को परिच्छेद ३ को नियम १३ धरौटी सम्बन्धी व्यवस्थाको उपनियम २ मा संशोधनः मुल नियमावीलको नियम १३ को उपनियम २ को सट्टामा देहायको उपनियम २ राखिएको छ।

घ) धरौटी रकम जम्मा गर्ने विद्यालयको नाममा मुद्दती खाता खोलि विद्यालय व्यवस्थापन समितिले तोकेको व्यक्ति र शिक्षा  युवा तथा खेलकुल शाखाको १ जना कर्मचारीको संयुक्त दस्तखतबाट खाता संचालन हुने।

ङ) बैंकमा जम्मा गरेको रकमबाट प्राप्त ब्याजको रकम विद्यालयकले खर्च गर्न पाउने

**आज्ञाले**

**गणेशराज कार्की**

**प्रमुख प्रशासकिय अधिकृत**